# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ११

## परमेश्वरको वरदानअनुसार कसरी सेवा गर्नुपर्छ?

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**"हरेकले पाएको वरदानअनुसार परमेश्वरका नाना प्रकारका अनुग्रहका असल भण्डारीहरूझैं तिमीहरूले त्यो वरदान एक-अर्काको सेवामा लगाओ"** **१ पत्रुस ४:१०**

पाठ ९ मा हामीले प्रभु येशूका विश्वासीहरूको झुण्डको विषयमा अध्ययन गर्‍यौं। त्यस झुण्डलाई मण्डली भनिन्छ। आफ्नो इच्छाअनुसार परमेश्वरले हामी एक-एकलाई मण्डलीमा गाभ्नुभएको छ। यति मात्र होइन, तर उहाँले हामी हरेकलाई कुनै न कुनै आत्मिक वरदान दिनुभएको छ। यी दानहरू हाम्रो व्यक्तिगत फाइदाको निम्ति दिइएका छैनन्, तर यी दानहरूद्वारा हामीले एक-अर्काको सेवा गर्नुपर्छ। प्रभुको मण्डलीमा कुनै सदस्य बढ़ी भएको छैन, तर हरेकलाई चाहिएको छ। एकजनाले मात्र सेवा गरेको र अरू सबै निष्काम भएर बसेको ठीक छैन। तर जब हामी सबले पाएका वरदानहरूसित मण्डलीका दाजुभाइ र दिदीबहिनीहरूको सेवा गर्छौं, तब परमेश्वरको उद्देश्य हाम्रो जीवनमा पूरा हुनेछ। यसकारण यी वरदानहरू, विशेष गरी आफूले पाएका वरदान हामीले जान्नुपर्छ। त्यसपछि परमेश्वरका असल र विश्वासयोग्य भण्डारीहरूले झैं हामीले यी दानहरू सेवामा चलाउनुपर्छ। यसमा हाम्रो जिम्मेवारी छ। अनि ठीक यही कुरा हामी यस पाठमा सिक्नेछौं।

## क - परमेश्वरका विभिन्न आत्मिक वरदानहरू

**१ कोरिन्थी १२:७-११, २८-३१, रोमी १२:६-८, एफेसी ४:८-१२**

परमेश्वरले हामी विश्वासीहरूलाई दिनुभएका आत्मिक वरदानहरू किसिम-किसिमका छन्। यी सबै दानहरू परमेश्वरको पवित्र आत्माले दिनुभएका क्षमताहरू हुन्। यी दानहरू हाम्रो जिम्मामा छन्, र हामीले प्रभुको सेवामा यी दानहरू चलाउनुपर्छ। हाम्रो सेवकाइद्वारा सबैको उन्नति र परमेश्वरको महिमा होस्। तर पहिले हामीले परमेश्वरका नाना प्रकारका वरदानहरू जान्नुपर्छ। यहाँ हामी दानहरूका जम्मै नामहरू दिने कोशिश गरेका छैनौं, तर मुख्य दानहरूको नाम र काम छोटकरीमा बयान गर्न चाहेका छौं।

**१) प्रेरितहरू** **मत्ती १०:१-४, प्रेरित १:२१-२६, २:४३, ४:३३, ५:१२, १ कोरिन्थी १२:२८, २ कोरिन्थी १२:१२, एफेसी २:२०, ३:५, ४:११**

प्रभु येशूका बाह्रजना प्रेरितहरू मात्र थिए। उनीहरू प्रभु येशूको साथमा थिए, र प्रभुका सबै कार्य आफ्नै आँखाले देखे र उहाँका वचनहरू आफ्नै कानले सुने। उनीहरू प्रभु येशूका पहिला साक्षीहरू थिए, जसले ठूलो सामर्थ्यका साथ उहाँको बौरिउठाइ प्रचार गरे। उनीहरूसँग विशेष वरदानहरू थिए,

र यी वरदानहरूद्वारा प्रभु येशूको मण्डलीलाई स्थापित गरे। मण्डलीको जग बसालेर उनीहरूको सेवा पूरा भयो। आज कुनै प्रेरित छैन र चाहिँदैन पनि। नयाँ नियममा हामी प्रेरितहरूको पक्का शिक्षा पढ्न पाउँछौं। यही शिक्षामा ध्यान दिनु र त्यसअनुसार चल्नु नै हाम्रो कर्तव्य हो। जसले आफूलाई 'म प्रभु येशूको प्रेरित हुँ' भन्दछ, त्यो मानिस झूटा हो। तर जसरी पहिलो शताब्दीमा प्रभु येशूले बाह्रजनालाई चुन्नुभयो र मण्डली स्थापित गर्ने काममा पठाउनुभयो, त्यसरी नै आजभोलि प्रभु येशूका स्थानीय मण्डलीहरूबाट चुनिएका मानिसहरू मिशनेरीको रूपमा पठाइन्छन्। उनीहरू नपुगेका ठाउँहरूमा प्रभु येशूको सुसमाचार पुऱ्याउने र त्यहाँ प्रभु येशूलाई महिमा दिने मण्डलीहरू स्थापित गर्ने काम गर्छन्।

२) **भविष्यवक्ताहरू** **१ कोरिन्थी १२:१०,२८, १४:२९-३१, रोमी १२:६, एफेसी २:२०, ३:५, ४:११, १ पत्रुस ४:११, २ पत्रुस २:१-३, १ यूहन्ना ४:१-४, १ थेस्सलोनिकी ५:१९-२२**

प्रेरितहरूजस्तै भविष्यवक्ताहरूले प्रभुको मण्डली स्थापित गर्ने काम सघाउँथे। जबसम्म परमेश्वरको योजनाअनुसार पवित्र आत्माको प्रेरणाले नयाँ नियमको पुस्तक लेखिएको थिएन, तबसम्म मण्डली-मण्डलीमा भविष्यवक्ताहरूले परमेश्वरको वचनको गहिरो ज्ञान प्रकाशमा ल्याउने गर्थे। मण्डलीको जग बसालेपछि भविष्यवक्ताहरू कम हुँदै गए, किनभने उसो उनीहरूको खाँचो पर्दैनथियो। अचेल पहिलेका जस्तै भविष्यवक्ताहरू छन् भन्ने कुरा हामी विश्वास गर्दैनौं। बरु सारा संसारमा जताततै धेरै झूटा भविष्य-वक्ताहरू निस्केका हामी देख्दछौं। तर पवित्र आत्माको अगुवाइमा परमेश्वरको वचन विश्वासयोग्यसाथ प्रचार गर्ने हो भनेदेखि यो नै भविष्यवाणी गरेको जस्तो हामीलाई लाग्छ। प्रभुका मण्डलीहरूमा परमेश्वरको वचन प्रचार गर्नेहरू छन्, तर कमजोर मानिसहरू भएका हुनाले उनीहरूले प्रचार गर्दा भूल गर्न सक्छन्। यसकारण प्रभुको आज्ञाअनुसार हामीले सुनेका जुनसुकै प्रवचन वा प्रचार जाँच्नुपर्छ, अनि असल कुराहरू मात्र हामीले पक्रिराख्नुपर्छ।

३) **शिक्षकहरू** **१ कोरिन्थी १२:२८, रोमी १२:७, एफेसी ४:११, याकूब ३:१-२, २ पत्रुस २:१-३**

परमेश्वरको वचन पवित्र बाइबल हाम्रो लागि ज्ञानको खानी हो। बाइबल पढ्दा र अध्ययन गर्दा हामी सबैले प्रशस्त आशिषहरू पाइरहेका छौं। तर हामीमध्ये कतिजना हुन्छन्, जसले वचनको अर्थ बताउने वरदान भएका हुनाले हामीलाई बाइबलको शिक्षा स्पष्ट पार्न सक्छन्। उनीहरू वचन अध्ययन गर्नुमा परिश्रम गर्छन् र यसैले परमेश्वरको वचनमा ठीक-ठीक अर्थ लगाई हामीलाई राम्ररी सिकाउन सक्छन् (२ तिमोथी २:१५)। तर उनीहरूले प्रचार गरेको कुरा ठीक छ कि छैन भनी जाँच्नको निम्ति हामी आफैले दिनहुँ परमेश्वरको वचन ध्यानसित पढ्नुपर्छ (प्रेरित १७:११)। कतिले प्रभुको केही शिक्षा नबुझीकन अरूलाई सिकाउन चाहन्छन्; तर यो कदापि ठीक छैन। यस्ताहरूलाई याकूब ३:१-२ पदले गम्भीर चेताउनी दिन्छ।

४) **सुसमाचार प्रचारकहरू** **एफेसी ४:११, प्रेरित २१:८, ८:५-१२,२६-४०, रोमी १०:१४-१५**

प्रभु येशूको सुसमाचार प्रचार गर्नुमा हामी सबैले व्यस्त रहनुपर्छ; किनभने अझ धेरै मानिसहरूले प्रभु येशूमा भएको मुक्तिको बारेमा सुनेका छैनन्। सबैले मुक्ति पाऊन् र सत्यको ज्ञानमा आऊन् - यो नै प्रभुको इच्छा हो। हामी तिनीहरूकहाँ सुसमाचारको वचन पुऱ्याउनैपर्छ। यस कामको लागि प्रभुले कतिजनालाई विशेष वरदान दिनुभएको छ। उनीहरू ठूलो बोझको साथ विश्वास नगरेकाहरूको बीचमा परिश्रम गर्छन्। जबसम्म ती मानिसहरूले प्रभु येशूमाथि विश्वास गर्दैनन्, तबसम्म उनीहरूले यस गाह्रो काम छोड्दैनन्, तर कुनै न कुनै प्रकारले तिनीहरूलाई प्रभुमा ल्याउने कोशिश गर्छन्। उनीहरूको

सेवकाइद्वारा प्रभुलाई पाउने आत्माहरू त्यस वरदानको साक्षी हुन्। उनीहरूको सिफारिस-पत्र ती मुक्ति पाएका मानिसहरू हुन्छन्। के तपाईंसँग यस्तो पक्का प्रमाण छ? हाम्रा प्रभु येशूको सामु अरू कुनै सर्टिफिकेट वा प्रमाण-पत्र व्यर्थै छ।

५) **गोठालाहरू** **एफेसी ४:११, १ पत्रुस ५:१-४, प्रेरित २०:२८-३०, इजकिएल ३४:१-१०**
प्रभु येशूका स्थानीय मण्डलीहरूमा विश्वासीहरूको रेखदेख गर्नेहरूलाई गोठाला अथवा पाष्टर भनिन्छ। हुन त आजभोलि धेरैले आफूलाई पाष्टर भन्ने नाम दिएका छन्, र यो नाम मन पराउँछन्; किनभने तिनीहरूले यो एउटा मान पाउने पद र जागीर सम्झन्छन्। तर यो कुनै पद होइन, तर एउटा सेवाको काम र वरदान हो भन्ने कुरा तिनीहरूलाई थाहै छैन। जसरी गोठालाले आफ्ना भेड़ाहरूलाई चराउँछ, र ब्वाँसा र अरू खतराहरूबाट रक्षा गर्छ, त्यसरी नै पाष्टरहरूले आफ्नो जिम्ममा सुम्पिइएका आत्माहरूलाई बाइबलको उत्तम र ठीक शिक्षा दिनुपर्छ, साथै सीधासाधा विश्वासीहरूलाई झूटा शिक्षकहरू र तिनीहरूका छली, विनाशकारी शिक्षाबाट जोगाउनुपर्छ। नयाँ विश्वासी पाष्टर हुन सक्दैन; किनभने पाष्टरको जीवन निर्दोष, आत्मिक र एक असल नमुनाको हुनुपर्छ (१ तिमोथी ३:१-७)। यसरी नै प्रभुको सेवा गर्नेहरू आदर र ज्याला पाउने योग्यका हुन्छन्। तर आफ्नो फाइदा मात्र खोज्ने, आफूलाई मात्र पोषण गर्ने गोठालाहरूदेखि हामी होशियार रहनुपर्छ।

६) **बुद्धिको वचन** **१ कोरिन्थी १२:८, एफेसी ३:१-१०, कलस्सी २:३, ३:१६, याकूब १:५, ३:१३,१७**
प्राय: हामी सबैले ज्ञान र बुद्धि एउटै कुरा ठान्छौं। तर जसरी चाँदीभन्दा सुन उत्तम हुन्छ, त्यसरी नै ज्ञानभन्दा बिद्धि नै उत्तम हुन्छ। हामी धेरै कुराहरू जान्न सक्छौं, तर बुद्धि नभएका हुनाले कतिपल्ट ठीक निर्णय गर्न सक्दैनौं। पवित्र बाइबलमा सुलेमान राजाजस्तो बुद्धिमान् राजा अरू कुनै पाइँदैन। १ राजा ३ अध्यायको १६ पददेखि २८ पदसम्म पढ़ेर बुद्धि भनेको के हो, सो तपाईंले बुझ्नुहुनेछ। साँचो बुद्धि परमेश्वरको दान हो। खाँचोमा पर्दा हामीले परमेश्वरसित बुद्धि माग्नुपर्छ। प्रेरित १५:१३-२२ पदहरूमा याकूबले बुद्धिको वचन दिएका हामी पढ्छौं।

७) **ज्ञानको वचन** **१ कोरिन्थी १२:८, १४:६, एफेसी ३:४, ४:१३, यूहन्ना ८:१२, ३१-३२**
प्रभुको हरेक चेलासँग परमेश्वरको चिन्ने ज्ञान हुनुपर्छ। एकमात्र सत्य परमेश्वरलाई चिन्नु नै मानिसको सबभन्दा ठूलो कर्तब्य हो। आफ्नो जीवनमा परमेश्वरको इच्छा नजान्नु रातको अँध्यारोमा हिँड्नु जस्तै हो; किनभने त्यस बेला हामी कहाँ जान्छौं, सो हामीलाई थाह हुँदैन। यसैले हामी कति कुरामा ठेस खाएर लोट्नुपर्छ। तर सबै मानिसहरू सत्यको ज्ञानमा आऊन् भनी परमेश्वरले इच्छा गर्नुहुन्छ। प्रभु येशू संसारको ज्योति हुनुहुन्छ; उहाँको पछि लाग्ने कोही पनि अँध्यारोमा हिँड्नुपर्दैन, तर जीवनको ज्योति पाउँदछ। प्रभु येशूको वचनमा लागिरहनेसित प्रशस्त ज्ञान हुन्छ। ऊ आफै सबै दुष्ट कुराहरूबाट जोगिन्छ, र अरूलाई ज्ञानको वचन सुनाएर तिनीहरूलाई पनि जोगाउन सक्छ। यसकारण ख्रीष्टको वचन हामी हरेकभित्र प्रशस्तसँग वास गरोस्। चाहिएको बेलामा हामी यो ज्ञान अरूको उन्नतिको निम्ति बताऔं।

८) **विश्वास** **रोमी १२:३, ६, १ कोरिन्थी १२:९, १३:२, हिब्रू ११:३३-३९**
विश्वासबिना हामी परमेश्वरलाई खुशी पार्न सक्दैनौं। प्रभु येशूको सबै सच्चा चेलाहरूसँग विश्वास हुन्छ; किनभने प्रभु येशूमाथि विश्वास गरी हामीले मुक्ति पायौं। तर हामी सबैसँग विश्वासको एउटै नाप छैन। हामीमध्ये कतिजनाको विश्वास कमजोर छ। यसैले सबै कुराहरूको निम्ति र हर

अवस्थामा परमेश्वरमाथि भरोसा गर्न उनीहरूलाई गाह्रो लाग्छ। कतिको विश्वास अरूभन्दा ठूलो हुन्छ। यसैकारण कठीन परिस्थितिमा परे तापनि उनीहरूले परमेश्वरबाट सहने शक्ति पाई उहाँको ठूलो विजय अनुभव गर्छन् र उनीहरूद्वारा येशूको नाममा अचम्मका कामहरू हुन्छन्। जे भए पनि हामीले पाएका विश्वासको नापअनुसार आफ्नो वरदानसित प्रभु येशूको महिमा गरौं। किनकि हामी हरेकको निम्ति परमेश्वरको यही इच्छा छ।

**९ ) निको पार्ने वरदान** **१ कोरिन्थी १२:९,२८, प्रेरित ३:१-११,१६,२२, याकूब ५:१४-१६**

प्रभु येशू र उहाँका बाह्र प्रेरितहरूद्वारा धेरैपल्ट बिरामीहरू निको पारिए। यसरी परमेश्वरले हामी दु:खी-हरूप्रति आफ्नो ठूलो दया देखाउनुभयो। संसारमा शरीरका रोग र दुर्बलताहरू धेरै हुन्छन्। आज हरेक शहरमा प्रशस्त डाक्टर र औषधीहरू पाइन्छन्। तर त्यस बेला यस्तो कुनै पनि उपाय थिएन। यसैकारण बिरामीलाई निको पार्ने काम र वरदान बढ़ी खाँचो पर्थ्यो। यसरी मानिसहरूले बिरामी अवस्थामा आफ्नो सृष्टिकर्ता परमेश्वरमाथि भरोसा गर्न सिक्थे। विश्वाससाथ प्रभु येशूकहाँ आउने प्रत्येक बिरामी त्यही घड़ी निको हुन्थ्यो। आज पनि परमेश्वरले बिरामीहरूलाई अचम्म प्रकारले निको पार्नुहुन्छ। तर प्रभु येशूले हामीलाई सधैं निको पार्नुहुन्छ भन्ने कुरा दाबी गर्नु गल्ती हो। किनकि कतिपल्ट उहाँले हामीलाई बिरामी अवस्थामा छोड्नुहुन्छ र यसरी हाम्रो विश्वास जाँच्नुहुन्छ। हामी बिरामी भयौं भने याकूब ५ अध्यायमा हाम्रो निम्ति परमेश्वरको आज्ञा लेखिएको छ। हामीले मण्डलीका अगुवाहरू बोलाउनुपर्छ, र उनीहरूले प्रभुको नाममा हाम्रो लागि प्रार्थना गर्छन्। जुनसुकै मानिसले हात राखी हाम्रो निम्ति प्रार्थना गर्नुदेखि हामी होशियार रहौं; किनभने जताततै धेरै झूटा निको पार्नेहरू प्रभुको नाममा आफ्नो दुष्ट, छली काम गर्छन्।

**१० ) सामर्थ्यको काम गर्ने क्षमता** **मर्कूस १६:१७-१८, २०, १ कोरिन्थी १२:१०,२८, प्रकाश ११:३-६, हिब्रू २:३-४, लूका १७:२२, मत्ति २४:२४, २ थेस्सलोनिकी २:९-१०**

पहिले प्रभुका प्रेरितहरू जहाँ-जहाँ सुसमाचार प्रचार गर्न जान्थे, त्यहाँ प्रभु येशूले उनीहरूको हातद्वारा चिन्ह र अचम्मका कामहरू गर्नुहुन्थ्यो। यसरी उहाँले आफ्नो वचन पुष्टि गर्नुभयो। आफ्नो इच्छाअनुसार परमेश्वरले उनीहरूको साथमा प्रभु येशूमा मुक्ति छ भन्ने गवाही दिनुभयो। पछि यी चिन्ह र सामर्थ्यका कामहरू कम हुँदै गए; किनभने प्रभुका प्रेरितहरू सबै मरे। आज यस्तो दान भएको कुनै विश्वासी वा प्रभुको सेवक म देख्दिनँ। तर प्रभुको वचनअनुसार अन्तिम दिनहरूमा झूटा भविष्यवक्ताहरू खड़ा हुनेछन् र तिनीहरूले सबैलाई भ्रममा पार्नको निम्ति झूटा चमत्कारहरू देखाउनेछन्। यसकारण यस्तो सामर्थ्यको काम देख्ने इच्छा राख्नुहुँदैन। प्रभुबाट हामीले यस्ता कामहरू देख्न पाउनेछैनौं। बरु शैतानले भ्रममा पार्ने चमत्कारहरू देखाउँछ।

**११ ) सहायता गर्ने क्षमता** **१ कोरिन्थी १२:२८, मत्ति १०:४०-४२, प्रेरित ९:३६,३९, रोमी १६:१-२**

धेरैजना ठूलो वरदानहरू खोज्दछन्, तर पाउँदैनन्। किनभने प्रभु येशूले तिनीहरूलाई यस्ता दानहरू दिन चाहनुभएन। हामीले एक-अर्काको सेवा गर्नुपर्छ भन्ने उद्देश्यले उहाँले कतिलाई सहायता गर्ने वरदान दिनुहुन्छ। परमेश्वरको वचनमा हामीले कति स्त्रीहरूलाई यो वरदान भएका देख्दछौं। यसरी उनीहरूले धेरै मानिस-हरूका आँखादेखि छिपेको सेवा गरेर प्रभुको महिमा गर्थे। प्रभु येशूले उहाँको नाममा गरेको सानोभन्दा सानो सेवा बिर्सनुहुन्न, तर त्यसको उचित इनाम दिनुहुनेछ। यसैले हामीले यो दान हेला नगरौं, तर विश्वासयोग्यसाथ प्रभुको महिमाको निम्ति चलाऔं।

**१२ ) आत्माहरू खुट्ट्याउने क्षमता** **१ कोरिन्थी १२:१०, प्रेरित १६:१६–१८, मत्ति ४:१०, १६:२३, मर्कूस ९:१४–२९, लूका १३:१०–१७, १ पत्रुस ५:७–९**

जन–विश्वासअनुसार मरेको मान्छेको आत्मा तर्साउने भूत बन्दछ। तर परमेश्वरको वचन बाइबलको शिक्षाअनुसार भूतप्रेत परमेश्वरसित विद्रोह गरेका स्वर्गदूतहरू हुन्। तिनीहरू आफ्नो पापको खातिर स्वर्ग–बाट निकालिएर दुष्ट, अशुद्ध आत्माहरू भएका हुन्। ती दुष्ट आत्माहरूको शासक परमेश्वरको शत्रु शैतान हो। दुष्ट आत्माहरूले हामीलाई तर्साउने होइन, तर पापमा फसाउने, परमेश्वरको काममा बाधा दिने, झूटा दोष लगाउने र मानिसहरूलाई दुःख दिने काम गर्छन्; यहाँसम्म कि कति मानिसहरू दुष्ट आत्मा लागेका हुनाले तिनीहरूको मन बहुलाउँछ वा तिनीहरूको शरीर कुनै दुर्बलतामा बाँधिएको हुन्छ। प्रभु येशूले दुष्ट आत्माहरूलाई अधिकारसित हपारेर दुष्ट आत्मा लागेका मानिसहरूबाट ती निकाल्नुभयो। यही अधिकार उहाँले आफ्ना चेलाहरूलाई पनि दिनुभयो। यसैले हामी शैतान र त्यसको फौजदेखि डराउनुपर्दैन, तर येशूको नाममा सामना गर्नुपर्छ। तब शैतान भाग्नुपर्छ। तर कतिपल्ट शैतान गुप्त भेष लिएर आउँछ, र त्यसलाई चाल पाउन साह्रो पर्छ। तब आत्मा खुट्ट्याउने दान भएको विश्वासीले त्यसको गुप्त चाल प्रकट गर्छ, र हामी जोगिन्छौं। यस सम्बन्धमा १ यूहन्ना ४:१–४ याद गर्नु र यो वचन पालन गर्नु खाँचो छ।

**१३ ) किसिम–किसिमका भाषाहरू** **१ कोरिन्थी १२:१०,२८, १४:१–२५, प्रेरित २:४–११, १०:४६, १९:६**

पेन्टेकोस्टको दिनमा प्रभु येशूले आफ्ना चेलाहरूमाथि पवित्र आत्मा खन्याउनुभयो। त्यस बेला आत्माले उनीहरूलाई दिनुभएको दानअनुसार उनीहरूले अरू भाषाहरूमा मानिसहरूको सामु परमेश्वरका महान् कामहरूको प्रशंसा गरे। पछि पनि कोही–कोही विश्वासीहरूले यो दान पाएका हामी देख्दछौं। तर अन्य भाषाको सम्बन्धमा मण्डलीहरूमा गड़बड़ी आएकोले गर्दा प्रेरित पावलले मण्डलीको निम्ति प्रभुको तरिका सिकाए र हामीलाई यस सम्बन्धमा आज्ञा दिए। यही आज्ञाअनुसार मण्डलीको सभामा अन्य भाषा बोल्नु हो भने त्यसको अनुवाद हुनैपर्छ। अनुवाद नभए अन्य भाषा बोल्नुहुँदैन। आजभोलि यो दानको विषयमा पनि धेरै गड़बड़ छ। कतिले हामीलाई अन्य भाषा बोल्नुपर्छ भनी कर लगाउन चाहन्छन्। तिनीहरूले सबै विश्वासीहरू अन्य भाषा बोल्नुपर्छ भनी सिकाउँछन्। तर यो झूट हो। झन् अन्य भाषाको सम्बन्धमा तिनीहरूले प्रभुको आज्ञा वस्ता नगरेर अनुवाद नगरीकन अन्य भाषा बोल्दछन्। तर यसरी तिनीहरूले हामीलाई बेलेको कुरा बुझ्ने वा जाँच्ने मौका दिँदैनन्। यसकारण हामी यस्ता–हरूलाई मण्डलीमा चुप रहनू भन्ने कड़ा आज्ञा गर्छौं।

**१४ ) भाषाहरूको अनुवाद** **१ कोरिन्थी १२:१०, १४:५,१३,२६–२९**

भाषा हामीले बुझ्नुपर्छ, नत्र ता बोलेको कुराबाट हामीलाई कुनै लाभ हुँदैन। यही कारणले प्रभुको मण्डलीमा कसैले नबुझ्ने भाषामा बोल्नु मनाही छ। जे हामी मण्डलीको सेवामा गर्छौं, त्यो हामीले सबैजनाको उन्नतिको निम्ति गर्नुपर्छ। यसकारण अन्य भाषा बोल्ने भाइले जे भन्दछ, त्यसको अनुवाद हुनुपर्छ। अनुवाद गर्ने मानिस छैन भने अन्य भाषा बोल्नु पाइँदैन। तब आजभोलि कुरा किन यति साह्रै बिग्रियो? किन मण्डलीमा सबैजना मिलेर एकैचोटि कराउँदछन्? के परमेश्वरका जनहरू सबै बौलाएका छन्? तब पालो–पालो, एक–एक गरी बोलेर हामी प्रभुको आज्ञा किन पूरा नगरौं?

**१५ ) सेवा गर्ने दान** **रोमी १२:७, १ पत्रुस ४:११, २ कोरिन्थी ८:२२, १ तिमोथी ३:८–१३**

मानिसको शरीरमा एउटै मुख, तर दुईटा हात र दुईटा खुट्टा हामी देख्छौं। ठीक त्यसरी नै प्रभुका जनहरूको बीचमा एकजना वचन बोल्ने भाइको साथमा सेवा गर्ने दान भएका धेरै दाजुभाइ र दिदीबहिनीहरू हुन्छन्। प्रभु येशू सेवा पाउन भनी संसारमा आउनुभएन, तर सेवा गर्न र धेरैको निम्ति

आफ्नो प्राण दिन आउनुभयो। तब हामी, उहाँका साँचो चेलाहरू किन अरूको सेवा गरेर आफ्नो प्राण अर्पण गर्दैनौं? ख्रीष्टको प्रेमले हामीलाई यस्तो गर्नको निम्ति करमा पारोस्। धेरैजनाले सधैं सिक्न चाहन्छन्, तर सेवा गर्नु चाहिँ मन पराउँदैनन्। तर प्रभुको सेवा गर्दै र यस काममा विश्वासयोग्य हुँदै हामी विश्वासमा बलियो हुन्छौं र प्रभुबाट इनाम पाउँछौं।

**१६ ) अर्ती दिने दान** **रोमी १२:८, प्रेरित १४:२२, १५:३२**

हामी कमजोर मानिसहरू भएका हुनाले हामीलाई सधैं सम्झाउनु खाँचो छ। घरीघरी त्यही कुरा दोहोऱ्याउँदै हाम्रो हित, हाम्रो भलाइ खोज्ने भाइ कति राम्रो! गल्ती बाटो नजानू भनी हामीलाई चेताउनी कसले दिन्छ? निराश अवस्थामा हामीलाई सान्त्वना कसले दिन्छ? कसले प्रभुबाट टाढ़ोमा पुगेकोलाई फर्काएर ल्याउँछ? विश्वासमा अघि बढ्ने साहस हामी कसबाट पाउँछौं? के प्रभुबाट अर्ती दिने दान पाएको भाइ वा बहिनीबाट होइन र?

**१७ ) दिने दान** **लूका ८: २-३, रोमी १२:८, गलाती ६:९-११, फिलिप्पी ४:१४-१९, १ तिमोथी ६:१८, हिब्रू १३:१६**

हामी गरिब छौं, हामीलाई दिनुहोस् भनी माग्नेहरू आजभोलि मानिसहरूको बीचमा धेरै पाइन्छन्। उनीहरूमध्ये कसले प्रभुको आशिष पाउने तरिका सिक्न चाहन्छ? प्रभु येशू भन्नुहुन्छः 'देऊ, तब तिमीलाई दिइनेछ!' परमेश्वरको जनहरूको निम्ति माग्नुचाहिँ एकदम लाजको कुरा हो। बरु हामी दिनु सिकौं, र यसरी प्रभुबाट आशिष पाऔं। किनभने परमेश्वरले हामीमध्ये कतिलाई चाहिएको भन्दा बढ़ी धनसम्पत्ति दिनुभयो। किन होला? के अरूको भलाइ गर्नको निम्ति होइन र? बुढ़ेसकालमा आफ्ना बुवाआमाको हेरचाह गर्नुपर्छ। हामीसँग मौका हुँदै हामीले सबै मानिसहरूलाई, विशेष गरी विश्वासीहरूलाई भलाइ गर्नुपर्छ। भलाइ गर्न हामी नथाकौं, तर प्रभुको सेवामा आफ्नो सम्पत्ति खर्च गरौं; भलाइ गर्नुमा हामी धनवान् हौं।

**१८ ) अगुवाइ गर्ने दान** **१ कोरिन्थी १२:२८, रोमी १२:८, १ तिमोथी ३:४-५, ५:१७**

अगुवा एक-दुईजना हुन्छन्; अरू सबैले पछ्याउनुपर्छ। आफ्ना छोराछोरीहरूलाई अधीनमा राखेर आफ्नो घरपरिवारलाई राम्ररी सञ्चालन गर्न नसक्ने मानिसले परमेश्वरको मण्डलीलाई कसरी अगुवाइ गर्छ होला? झन् स्त्री मानिसलाई अगुवाइ गर्न सुहाउँदै सुहाउँदैन। तर अचम्म मान्ने कुरा के हो भने प्रभुका मण्डलीमा स्त्रीहरू अगुवाइ गर्छन् र पुरुषहरू यसो गरेको मन पराउँछन्। किनभने उनीहरूमा कसैले यो जिम्मा लिन चाहँदैन। तर मण्डलीका प्रचीनहरूमा यो दान हुनुपर्छ।

**१९ ) कृपा देखाउने दान** **लूका ६:३६, रोमी १२:८, फिलिप्पी २:१, याकूब २:१३, ३:१७**

प्रभु येशू दुःखीहरूप्रति टिठाउनुहुन्थ्यो। हामी पनि कृपालु हुनुपर्छ। किनभने हामी आफैले परमेश्वरको ठूलो कृपा पाएका छौं। दया न्यायमाथि विजयी हुन्छ; किनभने जसले दया देखाएको छ, उसैले दया पाउँदछ। दया देखाउने धन्य हो, किनभने उसले दया पाउनेछ भनी प्रभु येशूले भन्नुभयो। हामी एक-अर्काप्रति दयालु हौं, कोमल मनका हौं। यसरी हामी खुशीसाथ संसारका मानिसहरूलाई परमेश्वरको सद्गुण देखाएर उहाँको महिमा गरौं।

## ख – वरदानहरू सेवामा लगाउँदा याद गर्नुपर्ने केही कुराहरू

**अ) एफेसी २:८–१०** – मुक्ति पाएकाहरूले मात्र परमेश्वरको सेवा गर्न पाउँदछन्। परमेश्वरको ठूलो अनुग्रहको कारणले हामीले मुक्ति पायौं। मुक्ति प्रभु येशूमा छ। उहाँमाथि राखेको विश्वासले गर्दा परमेश्वरले हामीलाई पापबाट बचाउनुभयो। मुक्ति उहाँको प्रेमको दान हो। ख्रीष्ट येशूमा परमेश्वरले हामीलाई आत्मिक हिसाबले नयाँ गरी सृष्टि गर्नुभयो। हामी उहाँका हातको काम हौं। उहाँले हामीलाई असल कामहरूको निम्ति सृजना गर्नुभयो। अब आफ्नो खुशी गर्नुहुँदैन, तर हामी उहाँको इच्छा र योजनाअनुसार चल्नुपर्छ।

**आ) रोमी १२:१** – जसले परमेश्वरको सेवा गर्न चाहन्छ, उसले केही बाँकी नराखी आफैलाई सम्पूर्ण रूपले अर्पण गर्नुपर्छ। उहाँले हामीबाट एक जिउँदो बलिदान खोज्नुहुन्छ। किनभने पुरानो नियमको समयमा यहूदीहरूले होमबलि चढ़ाउँथे भने अब नयाँ नियमको शिक्षाअनुसार हाम्रो उचित सेवा परमेश्वरको निम्ति पूरा अर्पेको जीवन हो। पवित्र भनेको परमेश्वरको प्रयोगको निम्ति अरू चीजहरूबाट पूरा अलग गरिएको हो। यस्तो जीवन परमेश्वर मन पराउनुहुन्छ। यस प्रकारको सेवा नै ग्रहणयोग्य हुन्छ।

**इ) रोमी १२:२** – परमेश्वरको निम्ति अर्पिएको मानिसले परमेश्वरको इच्छा जान्न चाहन्छ। तर संसारसित एकनासे हुन खोज्नेले परमेश्वरको इच्छा जान्दैन, अनि उहाँको इच्छा जानेर पनि पालन गर्दैन। के आफ्नो जीवनको निम्ति तपाईं परमेश्वरको सिद्ध इच्छा जान्नुहुन्छ? उहाँको सामु कुन कुरा ग्रहणयोग्य छ? जति हामी आफ्नो मनमा नयाँ हुँदै जान्छौं, त्यति बढ़ी मात्रामा हामीले आफ्नो जीवनमा परमेश्वरको उत्तम योजना बुझ्नेछौं। यसकारण दिनप्रतिदिन प्रार्थनामा र परमेश्वरको पवित्र वचन पढ़िरहनुमा उहाँसित जीवन बिताउने मानिसको मनको विचार र मनसाय बदली हुँदै जान्छ।

**ई) रोमी १२:३** – परमेश्वरको सेवा गर्ने मानिस आफ्नो विषयमा बढ़ी विचार गर्नुहुँदैन। यसर्थ परमेश्वरको सेवक नम्र हुनुपर्छ। उसको ध्यान आफूमा र आफूले पाएको वरदानमा केन्द्रित नहोस्; तर उसको ध्यान परमेश्वरमा र उसको सेवा पाउनुपर्ने मानिसहरूमा केन्द्रित रहोस्। परमेश्वरले मलाई अरूभन्दा बेसी र उत्तम वरदानहरू दिनुभएको छ भने घमण्ड गर्नु व्यर्थै हो। किनभने जसलाई धेरै सुम्पिइएको छ, उसबाट परमेश्वरले धेरै लेखा लिनुहुन्छ। यसो भए हामी परमेश्वरको अनुग्रह पाएका भण्डारीहरू मात्र हौं। तब भण्डारी विश्वासयोग्य हुनुपर्छ भन्ने कुरा हामी सधैं याद गरौं।

**उ) रोमी १२:४–५** – ख्रीष्टमा हामी सबैजना एउटै आत्मिक शरीर हौं। यस शरीरका धेरै अङ्गहरू भए तापनि हामी सबै एक–अर्काका अङ्ग हौं। मलाई चाहिँदैन भनी कसैले भन्न पाउँदैन; किनभने प्रभुको मण्डलीमा कुनै अङ्ग बढ़ी भएको छैन। कुनै अङ्ग निष्काम भएर बस्नुहुँदैन। किनभने तपाईंले पाउनु–भएको दान मसित छैन। परमेश्वरले तपाईंलाई जुन दान दिनुभएको र जुन स्थानमा राख्नुभएको छ, त्यसमा सन्तोष रहनुहोस्। यस सम्बन्धमा १ कोरिन्थी १२ अध्याय पढ़ेर तपाईं आफ्नो ज्ञान बढ़ाउनुहोला।

**ऊ) रोमी १२:६–८** – हामी हरेकले बेग्ला–बेग्लै किसिमका वरदानहरू पाएका छौं। परमेश्वरले हामीलाई दान छान्ने जिम्मा दिनुभएन, तर उहाँले हामीलाई आफ्नो इच्छाअनुसार यी दानहरू बाँड़िदिनुभयो। यसैले परमेश्वरको अनुग्रहका दानहरू पाएपछि हामीले ती दानहरू चलाउनुपर्छ र यसरी एक–अर्काको सेवा र उन्नति गर्नुपर्छ। यसमा तपाईंको जिम्मेवारी के छ, सो बुझ्नुहोस्। कुन दान तपाईंसँग छ,

के तपाईंले यो थाह पाउनुभएको छ? यो कुरा पत्ता लगाउनको निम्ति तपाईंले कुन–कुन कदम उठाउनुभएको छ? तपाईंको विश्वास कुन सेवाको लागि जागेको छ? तपाईंले मण्डलीमा कुन खाँचो देख्नुभएको छ, जुनचाहिँ परमेश्वरले तपाईंको सेवकाइद्वारा पूरा गरेको चाहनुहुन्छ? कुन सेवाको काम गरेर तपाईंलाई खूब आनन्द लाग्छ? मण्डलीसित मिलेर तपाईं परमेश्वरको सेवा गर्न थाल्नुहोस् र सेवामा लागिरहनुहोस्, तब तपाईं, साथै मण्डलीका दाजुभाइहरूले तपाईंका दान र बोलावट राम्ररी थाह पाउँछन्। १ पत्रुस ४:१०–११ पदले पनि हामीलाई यही आज्ञा दिन्छ।

## ग – परमेश्वरको बोलावट

**१ पत्रुस २:९, प्रेरित १३:१–४**

**''तर तिमीहरू एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीहरूको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरूलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिमा बोलाउनुभयो, उहाँका सद्गुणहरू प्रकट गर।''** **१ पत्रुस २:९**

**अ) १ पत्रुस २:९** – परमेश्वरले हामीलाई प्रभु येशू ख्रीष्टको सुसमाचार सुनाएर आफ्नो राज्यभित्र बोलाउनुभयो। यो उहाँको बोलावट हो (प्रेरित २६:१८)। उहाँले हामीलाई पापको अन्धकारबाट र शैतानको वशबाट छुटाएर र हाम्रा सबै पाप क्षमा गरेर प्रभु येशूको पछि लाग्ने चेलाहरू बनाउनुभयो। अब प्रभु येशूमा परमेश्वरले हामीलाई चुन्नुभयो; उहाँले हामीलाई परमेश्वरको सेवा गर्ने पूजाहारी तुल्याउनुभयो (१ पत्रुस २:५)। हामी एक पवित्र जाति हुनुपर्छ, जो असल कामहरू गर्नको निम्ति जोशिलो हुन्छ (तीतस २:१४)। हामी उहाँको हुकुम मान्ने र उहाँको सद्गुण प्रकट गर्ने उहाँको निज प्रजा बन्नको निम्ति नै प्रभु येशू मर्नुभयो; यसैको निम्ति उहाँले हामीलाई बचाएर शुद्ध पार्नुभयो। सबै साँचो विश्वासीहरूको बोलावट यस्तो छ। तब आफूले पाएका वरदानहरूले परमेश्वरको सेवा गर्न हामी किन पर्खन्छौं त? के तपाईंलाई अझ एउटा बोलावटको खाँचो छ? शायद तपाईं यस बोलावटको निम्ति व्यर्थैमा पर्खिनुहुन्छ; किनभने परमेश्वरले तपाईंलाई उहाँको सेवा गर्न बोलाइसक्नुभएको छ।

**आ) प्रेरित १३:१–४** – माथि उल्लेख गरिएको साझा बोलावट हामी सबै प्रभुका जनहरूले पाएका छौं। यही बोलावटअनुसार हामीले एन्टिओकमा भएको मण्डलीमा प्रभुको सेवा गर्नेहरूका कुनै नामहरू पढ्छौं। के उनीहरूजस्तै तपाईं पनि आफ्नो स्थानीय मण्डलीमा विश्वासयोग्य भई प्रभुको सेवा गर्दै हुनुहुन्छ? ध्यान दिनुपर्ने दोस्रो कुरा के हो भने प्रभुको सेवा गरिरहेको बेलामा उनीहरूले पवित्र आत्माको अगुवाइ पाए। परमेश्वरको विशेष कामको निम्ति उनीहरूमध्ये दुईजनालाई प्रभुको विशेष बोलावट आयो। पुरानो नियमका भविष्यवक्ताहरूकहाँ पनि यसरी नै परमेश्वरको विशेष बोलावट आयो। परमेश्वरले शामूएल, यशैया, यर्मिया, इजकिएललाई भविष्यवाणी गर्नको निम्ति यसरी नै बोलाउनुभयो। तर उनीहरूले यो बोलावट पाउनुभन्दा अघि पनि परमप्रभुको सेवा गरिरहेका थिए। उनीहरू बोलावटको लागि पर्खिरहेका थिएनन्। परमेश्वरको आफ्नो पूर्वज्ञान र योजनाअनुसार कसैलाई बोलाउनुहुन्छ र कसैलाई बोलाउनुहुन्न। तेस्रो कुरा हामी यहाँ के देख्छौं भने परमेश्वरको विशेष बोलावट पाएका मानिसहरूलाई मण्डलीले पनि चिन्छ र उनीहरूसित एकमनको भई उनीहरूको लागि प्रार्थना गर्छ र प्रभुको कामको लागि पठाउँछ। यसकारण हामी प्रभुको तरिका सिकौं। तपाईं स्थानीय मण्डलीमा आफ्ना वरदानअनुसार सेवा गर्नुभयो भने मण्डलीका अगुवाहरूले तपाईंका दान र बोलावट राम्ररी जान्न पाउँछन् र तपाईंलाई प्रभुको सेवा पूरा गर्नको निम्ति प्रार्थना गर्छन् र मद्दत गर्छन्।

**इ) २ तिमोथी २:१५** – परमेश्वरको विशेष बोलावट पाउनको निम्ति पर्खिनु व्यर्थै हो। हामी अहिले नै पाएका वरदानहरूसित प्रभुको सेवा गर्नुपर्छ। सेवा गर्दा हामी विश्वासयोग्य हुनु सिक्नुपर्छ (१ तिमोथी १:१२)। यदि हामी सानो कुरामा विश्वासयोग्य हुन्छौं भने प्रभुले हामीलाई ठूलो जिम्मेवारी पनि दिन सक्नुहुन्छ (लूका १६:१०-१२)। प्रभुको निम्ति जे हामी गर्दछौं, यसैमा हामी परमेश्वरको दृष्टिमा ग्रहण-योग्य हुने प्रयत्न गर्नुपर्छ (२ कोरिन्थी ५:९)। नत्र ता एकदिन हामी उहाँको सामु शर्ममा पर्नेछौं र हाम्रा कामहरू परालझैं जलेर नाश हुन्छन् (१ कोरिन्थी ३:१०-१५)। यदि हाम्रो सेवा ग्रहणयोग्य अर्थात् इनाम पाउने योग्यको हुनुपर्छ भने हाम्रो ध्यान कुन कुरामा लगाउनु ठीक छ? म कसरी परमेश्वरको निम्ति एउटा आदरको भाँड़ो बनूँ? म कसरी उहाँलाई खुशी पारूँ? के गरेर म मेरो प्रभुको निम्ति कामलाग्ने र असल कामहरू गर्नको निम्ति तयार भएको सेवक हुँ? के यसरी नै चिन्ता गर्नु उचित होइन र? यस सम्बन्धमा २ तिमोथी २:२०-२२ ध्यानसित पढ्नुहोला। जब प्रभुले हामीमध्ये कसैलाई कुनै विशेष कामको निम्ति बोलाउनुहुन्छ, तब परमेश्वरको पवित्र वचनमा लागिरहने मानिस मात्र हरेक असल कामको निम्ति तयार हुन्छ (२ तिमोथी ३:१६-१७)। यसकारण यसो गरेर हामी दिनदिनै आफूलाई प्रभुका योग्य सेवक बनाउने प्रयत्न गरौं।

**ई) १ तिमोथी ३:१-७** – परमेश्वरको सेवा गर्नको निम्ति खूबै इच्छा गर्नु राम्रो कुरा हो। परमेश्वरका उत्तम वरदानहरूको उत्सुक हुनू र लालषा गर्नू भन्ने आज्ञा प्रभु आफूले हामीलाई दिनुभएको छ (१ कोरिन्थी १२:३१ र १४:१)। यसो भए पनि हामीले चाहेका सबै वरदान पाउने होइनौं, तर सबभन्दा उत्तम कुरा खोजेर हामीले प्रभुका वरदान र बोलावट पत्ता लगाउन सक्छौं। जो सन्तोष रहन्छ, र जसको मनमा प्रभुको निम्ति केही गर्ने इच्छा उठ्दैन, उसको जीवनबाट प्रभुको महिमा हुँदैन। ख्रीष्टको प्रेमले हामीलाई के गर्न कर लगाउँछ? तर अझ अर्को कुरामा हामी पनि होश राख्नुपर्छ। कुनै दान वा सेवाको चाहना गर्नाले मात्र पुग्दैन। जतिसुकै अगुवा हुने इच्छा गरे तापनि कुनै नयाँ विश्वासी वा दिदीबहिनी कहिल्यै यसका योग्य हुन सक्दैनन्। अथवा जसको परिवारिक अवस्था बिग्रेको छ अर्थात् जसले एकभन्दा बेसी स्त्रीहरूलाई विवाह गरेको, विवाह विच्छेद भएको वा आफ्ना नानीहरूलाई अधीनमा ल्याउन नसकेको छ भने त्यो प्रभुको मण्डलीका अगुवाको योग्य बन्दैन। यसबाट हामी के सिक्छौं भने परमेश्वरले हामी एक-एकलाई शरीरको अङ्ग बनाई मण्डलीमा गाभेर राख्नुभयो। आँखाले जति धेरै कोशिश गरे तापनि हात कहिल्यै बन्दैन। यसर्थ तपाईं जतिसुकै कोशिश गरे तापनि परमेश्वरले तपाईंलाई दिनुभएका वरदान र बोलावट नाघेर जान पाउनुहुन्न। परमेश्वरको बोलावटअनुसारको सेवा पूरा गर्नु पर्याप्त छ। हामी परमेश्वरको बोलावटमा सन्तोष रहौं र यसभन्दा बढ्ता नखोजौं।

## घ – परमेश्वरको इच्छा जान्ने केही तरिकाहरू

**अ) भजनसँग्रह ४०:८** – यो पदअनुसार पहिलो कुरा के हो भने हामी परमेश्वरको इच्छा पालन गर्नुमा खुशी हुनुपर्छ। उहाँको इच्छाअनुसार हिँड्न नचाहने मानिसले परमेश्वरको इच्छा थाह गर्दैन। अर्को कुरा के हो भने हामीले परमेश्वरको धर्मनियम अर्थात् उहाँको वचन आफ्नो मनमा राख्नुपर्छ। यसरी हामी दिनप्रतिदिन उहाँको इच्छाको ज्ञानमा बढ्दै जान्छौं। पहिले हामी सफासँग लेखिएका आज्ञाहरू पालन गरौं, र त्यसपछि मात्र प्रभुको विशेष अगुवाइ खोजौं।

**आ) १ तिमोथी १:१९-२०** – विश्वास र असल विवेक हामीले थामिराख्नुपर्छ। विश्वासबिना हामी परमेश्वरलाई कहिल्यै खुशी पार्न सक्दैनौं। हामीले सधैं उहाँ र उहाँको अमूल्य वचनमाथि भरोसा

राख्नुपर्छ। उहाँको वचन स्थिर रहन्छ। परमेश्वरको वचनमा भरोसा राख्ने कुनै मानिस कहिल्यै शर्ममा पर्नेछैन। असल विवेक कायम राख्नैपर्छ। यसमा ध्यान नदिने मानिसले आफ्नो विश्वासलाई डुबाउँछ। यसकारण हामी एकदम होशियार रहौं। पवित्र आत्माले हामीलाई कुनै पापको विषयमा कायल पार्नुभयो भने तुरुन्तै हामी आफ्नो पाप स्वीकार गरौं। यस्तो अवस्थामा मात्र हामी लगातार परमेश्वरको इच्छा थाह गर्न सक्छौं।

इ) **रोमी १२:११** – मनतातो भएर हामीले परमेश्वरको सेवा गर्नुहुँदैन। हामी तनमन लगाएर उहाँको इच्छा पालन गर्नुपर्छ। अल्छे मानिसलाई परमेश्वर मन पराउनुहुन्न। हामी आत्मामा जोशले भरिएको हुनुपर्छ। एक दिन जोशिलो भएर प्रभुको सेवा गरेको, र अर्को दिन जोश सेलाएर गएको पनि उचित छैन। हामी प्रभुको सेवामा लागिरहनुपर्छ।

ई) **फिलिप्पी ४:६–७** – सबै कुराहरूको विषयमा प्रार्थना गर्न सिक्नुपर्छ। परमेश्वरको गहिरो शान्तिले हाम्रो हृदय र हाम्रो विचार प्रभु येशूमा रक्षा गर्छ। यस प्रकारले परमेश्वरले हामीलाई उहाँको इच्छाभन्दा बाहिर जान दिनुहुन्न।

उ) **हितोपदेश ११:१४ र १५:२२** – परमेश्वरको इच्छा पक्का गरी जान्नको निम्ति आफ्नो मण्डलीका अगुवाहरूबाट सल्लाह लिनुहोस्। सल्लाहबिनाका भए एक जम्मा जाति नै पतित हुन्छ भने हाम्रो विषयमा कसो होला? जो सुरक्षासाथ हिँड्न चाहन्छ, ऊ सल्लाह लिनुदेखि कहिल्यै पछि हट्दैन। तर कसबाट हामी सल्लाह पाउने आशा राख्छौं? आफूजस्तो नजान्नेहरूबाट कि प्रभुमा परिपक्व भएका–हरूबाट? हामी कस्तो किसिमको सल्लाह लिन माग्छौं? हामीले चिताएको कुरा पुष्टि गर्ने वा प्रभुको ग्रहणयोग्य इच्छा जनाउने?

ऊ) **हिब्रू १०:२८** – परमेश्वरको इच्छा जान्ने सम्बन्धमा तपाईं एउटा कुरामा मात्र भर परेर कुनै निर्णय नगर्नुहोस्। परमेश्वरले कसैलाई दोषी ठहराउनुको निम्ति दुई वा तीन साक्षी चाहनुहुन्छ भने तपाईं पनि यसो गर्नुहोस्। तपाईं आफूलाई सधैं यी तीनटा प्रश्न सोध्नुहोस्। यस सम्बन्धमा परमेश्वरको वचनले के भन्दछ? के यो गर्न कि त्यो गर्नको निम्ति तपाईंले आफ्नो मनमा परमेश्वरको गहिरो शान्ति अनुभव गर्नुहुन्छ? मण्डलीका अगुवाहरूले कस्तो सल्लाह दिएका छन्? परिस्थिति हेर्नु त्यति उचित देखिँदैन, तर कहिलेकहीं परिस्थितिले निर्णय गर्न सहायता गर्छ।

ए) **यशैया ३०:२१** – कहिलेकहीं परमेश्वरको पवित्र आत्माले हामीलाई कुनै काम गर्ने अगुवाइ दिनुहुन्छ। यस्तो समयमा हामी यो कुरा याद गरौं: परमेश्वरको आज्ञा उल्लङ्घन गर्नको निम्ति पवित्र आत्माले होइन, तर दुष्ट आत्माले प्रोत्साहन दिन्छ।

ऐ) **१ यूहन्ना २:२४–२८** – जुन कुरा हामीले शुरुदेखि परमेश्वरको सुसामचारद्वारा सुन्यौं, त्यसमा रहिरहनु खाँचो छ। परमेश्वरको पवित्र आत्माले हामीलाई सबै सत्यताभित्र डोर्‍याउनुहुन्छ। उहाँले हामीलाई एकदिन एउटा कुरा र अर्को दिन अर्को कुरा सिकाउनुहुन्न। उहाँ सत्यको आत्मा हुनुहुन्छ। प्रभु येशूमा हाम्रो निम्ति परमेश्वरको इच्छा 'हो' पनि, र 'होइन' पनि हुँदैन। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र हाम्रो निम्ति उहाँको इच्छा स्थिर छ। यसैकारण उहाँको सिद्ध इच्छा पत्ता लगाउने प्रयत्न गरौं। उहाँले हामीलाई यस्तो गर्नको निम्ति साथ दिनुहुन्छ।

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..........................................................................................

गा०वि०स०/ग्रा०पं०: ................................................. वार्ड नं०: ........................

हुलाक/पो० आ० : ................................. जिल्लाः ..........................................

अञ्चल/प्रदेशः ............................................. देशः ........................................

**रजिष्टर नं०:** ........................

# पाठ ११

## परमेश्वरको वरदानअनुसार कसरी सेवा गर्नुपर्छ?

परमेश्वरका वरदानहरू धेरै र किसिम–किसिमका भए तापनि हामीले यी जम्मै दानहरू पाएका छैनौं। तर प्रभुले हामीलाई मण्डलीमा शरीरको अङ्ग भई गाभ्नुभयो र हामी हरेकलाई कुनै दान दिनुभयो। यसैले आफूले पाएका दानहरू हामीले चिन्नुपर्छ, साथै यी दानहरूसित एक–अर्काको सेवा र उन्नति गर्नुपर्छ। किनेभने यी दानहरू आफ्नै लाभको निम्ति हामीलाई दिइएका छैनन्, तर यी वरदानहरूद्वारा सबैको फाइदा होस् भनेर तपाईं र मैले परमेश्वरबाट अनुग्रह पाएका छौं। अब असल भण्डारीहरूले झैं हामीले परमेश्वरको बोलावट पूरा गर्नु खाँचो छ। यी प्रश्नहरूद्वारा तपाईं प्रभुको सेवा गर्ने सम्बन्धमा आफ्नो जिम्मेवारी बुझेर तपाईंको जीवनको निम्ति परमेश्वरको ग्रहणयोग्य इच्छा जान्ने उपाय भेट्टाउनुहुन्छ भन्ने आशा हामीले राखेका छौं।

### क – परमेश्वरका विभिन्न आत्मिक वरदानहरू

**१) १ पत्रुस ४:१०–११– क) केसित हामीले एक–अर्काको सेवा गर्नुपर्छ?** ........................

.....................................................................................

**ख) कोजस्तै गरी हामीले परमेश्वरको सेवा गर्नुपर्छ?** ........................

.....................................................................................

**ग) परमेश्वरले दिनुभएको क्षमताले सेवा गरेको फल के हुन्छ?** ............

.....................................................................................

२) एफेसी ४:११-१२ - क) प्रभु येशूले आफ्नो मण्डलीलाई दानको रूपमा कस-कसलाई दिनुभयो?

अ) ........................................................

आ) ........................................................

इ) ........................................................

ई) ........................................................

उ) ........................................................

ख) यी दानहरू मण्डलीलाई किन दिइएका छन्? (१२ पद)

अ) ........................................................................................

आ) ........................................................................................

३) १ कोरिन्थी १२:२७-३० - क) सबै मिलेर हामी के बन्दछौं? ..................................

ख) एक-एक गरी हामी के हुन्छौं? ......................................................

ग) यी पदहरूमा कति दानहरू उल्लेख गरिएका छन्? .........................................

घ) के हामी सबैसँग सबै दानहरू हुन्छन्? ....................................................

ङ) यी वरदानहरूमा कुनचाहिँ अन्तिम हो? .....................................................

३) रोमी १२: ६-८ - क) यी दानहरू हामीलाई कुन विचारले दिइए? ................................

ख) के हामी सबैले एकै किसिमको दान पाएका छौं? वचनले के भन्दछ? ..........

..................................................................................................

ग) कुन नापअनुसार हामीले वरदान सेवामा लगाउनुपर्छ? ......................................

घ) सेवाको दान पाएको व्यक्तिलाई के आज्ञा गरिएको छ? ........................................

ङ) सिकाउने दान पाएको व्यक्तिलाई के आज्ञा गरिएको छ? .....................................

च) दिने दान पाएको व्यक्तिलाई के आज्ञा गरिएको छ? ..........................................

छ) अगुवाइ गर्ने दान पाएको व्यक्तिलाई के आज्ञा गरिएको छ? ................................

ज) कृपा देखाउने दान पाएको व्यक्तिलाई के आज्ञा गरिएको छ? ..............................

झ) तपाईंलाई कुन वरदान दिइएको छ? ..........................................................

## ख - वरदानहरू सेवामा लगाउँदा याद गर्नुपर्ने केही कुराहरू

१) एफेसी २:८-९ - मुक्ति पाउनेहरू कसरी मुक्ति पाए? ..........................................

..................................................................................................

२ ) एफेसी २:१० – ख्रीष्ट येशूमा परमेश्वरले हामीलाई केको निम्ति सृजना गर्नुभएको छ ? .......

.............................................................................................................................

३ ) रोमी १२:१ – परमेश्वरको सेवा कुन रीतिले गरे ठीक हो ? ..........................................

.............................................................................................................................

४ ) रोमी १२:२ – परमेश्वरको ग्रहणयोग्य इच्छा कसले जान्दछ ? ........................................

.............................................................................................................................

५ ) रोमी १२:३ – परमेश्वरको सेवा गर्नेले आफ्नो विषयमा कसरी विचार गर्नुपर्छ ? ................

.............................................................................................................................

६ ) रोमी १२:४-५ – कुन कुरा हामीले सधैं याद गर्नुपर्छ ? ................................................

.............................................................................................................................

## ग – परमेश्वरको बोलावट

१ ) १ पत्रुस २:९ – क ) परमेश्वरले तपाईंलाई कहिले बोलाउनुभयो ? ...................................

..............................................................................................

ख ) परमेश्वरले तपाईंलाई के हुनको निम्ति बोलाउनुभयो ? ...........................................

......................................................................................................

ग ) उहाँको अचम्मको ज्योतिमा आइसकेपछि हाम्रो काम के हो ? ..................................

......................................................................................................

२ ) प्रेरित १३:१-४ – प्रभुको कामको विशेष बोलावटको बारेमा हामी यी पदहरूबाट के सिक्छौं ? ..........................................................................................................

.............................................................................................................................

.............................................................................................................................

३ ) २ तिमोथी २:१५ – प्रभुले हामीलाई यस पदमा के आज्ञा दिनुहुन्छ ? ...............................

.............................................................................................................................

४ ) १ तिमोथी ३:१-७ – प्रभुको मण्डलीमा जिम्मेवारी बोक्न चाहनेहरूले के कुरा याद गर्नुपर्छ ?

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

## घ – परमेश्वरको इच्छा जान्ने केही तरिकाहरू

१) भजनसंग्रह ४०:८ – क) परमेश्वरको इच्छा पालन गर्नेले कसरी त्यो पालन गर्छ? ...............

.................................................................................................................

ख) यसो गर्न कुन कुराले हामीलाई खूब मद्दत दिन्छ? ................................................

.................................................................................................................

२) १ तिमोथी १:१९ – विश्‍वासको साथै कुन कुरा थामिराख्नु एकदम खाँचो छ? ..................

.................................................................................................................

३) रोमी १२:११ पदले हामीलाई प्रभुको सेवाको सम्बन्धमा के आदेश दिन्छ? ........................

.................................................................................................................

४) फिलिप्पी ४:७ – कुन कुराले हामीलाई परमेश्वरको इच्छाभित्र रहन धेरै सहायता दिन्छ? .........

.................................................................................................................

५) हितोपदेश ११:१४ – सुरक्षा र सफलता कसले प्राप्त गर्छ? ..............................................

६) हिब्रू १०:२६ – परमेश्वरले कुन आधारमा न्यायको फैसला गर्नुहुन्छ ? ..............................

.................................................................................................................

७) यशैया ३०:२१ – परमेश्वरको विशेष अगुवाइ पाउँदा कुन कुरा बिर्सनुहुँदैन? ...................

.................................................................................................................

८) १ यूहन्ना २:२४ र २८ – क) हामीमा कुन कुरा रहनु खाँचो छ? ....................................

.................................................................................................................

ख) प्रभुको सामु शर्ममा नपर्नको निम्ति हामीलाई कुन आज्ञा दिइएको छ? (२८ पद) ...........

.................................................................................................................